प.लि.नं. ३४०/०५२/०५३

# नेशनल हाईड्रो पावर कम्पनी लि.

# National Hydro Power Company Ltd.

मितिः २०८३/०३/११

च नं १५९/०८२/०८३

श्री नेपाल स्टक एक्सचेञ्ज ली.

सिंहरबार, काठमाण्डौ ।

बिषयः जानकारी गराएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक श्री किशोर नेपालज्यूले मिति २०८३/०३/०५ देखि लागु हुने गरि संचालक समितिबाट आफ्नो घरायसी कारण देखाइ राजिनामा दिनु भएको हुनाले यस कम्पनीको संचालक समितिको मिति २०८३/०३/१० मा बसेको बैठकको निर्णय अनुसार संचालक श्री किशोर नेपालज्यूको मिति २०८३/३/१० देखि लागु हुने गरि राजिनामा स्विकृत गरेको हुनाले जानकारीको लागि अनुरोध छ ।

भबदिय,

...............

सन्जीब कुमार लामा

कम्पनी सचिब

P.O. Box No.: 6518, Binayaknagar Marga, New Baneshwor-10, Kathmandu. Nepal. Tel : 01-5172683, 5172685, e-mail: info@nhpc.com

मिति: २०८३ /०३/०५

श्री अध्यक्ष ज्यू,
सञ्चालक समिति,
नेशनल हाइड्रो पावर कम्पनी लिमिटेड
काठमाडौं-१०, बिनायकनगर, बानेश्वर

विषय: सञ्चालक पदबाट राजीनामा सम्बन्धमा।

आदरणीय अध्यक्ष ज्यू,

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेड को सञ्चालक समितिको सदस्य पदबाट मेरो यो लिखित राजीनामा पत्र हजुर समक्ष प्रस्तुत गर्दछ। मेरा केही व्यक्तिगत र अपरिहार्य कारणहरुले गर्दा मैले आफ्नो कार्यभारलाई निरन्तरता दिन असमर्थ भएको हुनाले मिति २०८३/०३/०५ देखि लागु हुने गरी आफ्नो पदबाट राजीनामा दिने निर्णय गरेको छु।यस प्रतिष्ठित जलविद्युत कम्पनीमा सञ्चालकको रूपमा कार्य गर्न पाउनु मेरो लागि एउटा गौरवको विषय थियो। यस अवधिमा हजुर लगायत सञ्चालक समितिका अन्य आदरणीय सदस्यहरू र व्यवस्थापन टोलीबाट प्राप्त भएको अमूल्य सहयोग, मार्गदर्शन र विश्वासका लागि म हार्दिक आभार प्रकट गर्दछु।

मेरो अनुपस्थितिमा कम्पनीको दैनिक कार्य तथा निर्णय प्रक्रियामा कुनै बाधा नपुगोस् भन्नका लागि म आफ्नो जिम्मेवारीहरू नियमानुसार हस्तान्तरण गर्न पूर्ण रूपमा तयार छु। साथै, कम्पनी ऐन, २०६३ बमोजिम सञ्चालक हेरफेरको आवश्यक विवरण कम्पनी रजिष्ट्रारको कार्यालय तथा नियमनकारी निकायहरू नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज मा अद्यावधिक गर्ने लगायतका कानुनी प्रक्रियाहरू अगाडि बढाइदिनुहुन समेत अनुरोध गर्दछु।

अन्त्यमा, कम्पनीको निरन्तर प्रगति र व्यावसायिक सफलताको कामना गर्दछु ।

धन्यवाद।

भवदीय,

Kishor

किशोर नेपाल
सञ्चालक, नेशनल हाइड्रो पावर कम्पनी लिमिटेड

दर्ता नं. -८
2083/3/10

National Hydro Power Co. Ltd.
NHPC

CamScanner